नेपाल सरकार

# गृह मन्त्रालय

विपद् अध्ययन अनुसन्धान शाखा

फोन : ९७७-०१-४२११२१९
९७७-०१-४२११२००
९७७-०१-४२११२८२
फ्याक्स : ९७७-०१-४२११२००
सिंहदरवार,
काठमाडौं, नेपाल ।


पत्र संख्याः- ०७३।७४
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २९१

मिति : २०७३/११/२४

विषय : परिपत्र सम्बन्धमा ।

श्री क्षेत्रीय प्रशासन कार्यालय,
सबै ।
श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा प्रकोप पीडित उद्धार र राहतसम्बन्धी (पाँचौ संशोधन) मापदण्ड, २०६४, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/१०/१४ को निर्णयबाट स्वीकृत भएकोले सो अनुसार कार्यान्वयन गर्न/गराउनु हुन निर्णयको प्रति यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७३/११/२४

(यज्ञराज जोशी)
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

विषय : प्रकोप पीडित उद्धार र राहत सम्बन्धी (पाँचौ संशोधन) मापदण्ड,२०६४ स्वीकृत गर्ने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०७३।१०।०५

१. विषयको संक्षिप्त व्यहोरा :

मिति २०६४ जेष्ठ २८ बाट लागू भएको प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४ नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।०५।०७ मा चौथो संशोधन भई प्रकोप पीडितहरुका लागि सरकारले राहत वितरण गर्दै आएको छ। मापदण्डको दफा १ को घ बमोजिम क्षेत्रीय दैवी प्रकोप उद्धार कोषमा रु. ७,००,०००।– (सात लाख) र जिल्ला दैवी प्रकोप उद्धार कोषमा रु. ३,००,०००।– **(तीन लाख) न्यूनतम मौज्दात राख्नु पर्ने प्रावधान** रहेको छ। सबै जिल्लाहरुमा समान दरमा मौज्दात राख्नु पर्ने उल्लिखित प्रावधान जिल्लाहरुको विपद् जोखिम सम्बेदनशिलता, विपद्का घटनाहरुको सघनता र प्रभावित हुन सक्ने जनसंख्या समेतका आधारमा संशोधन गर्नुपर्ने देखिन आएको छ । त्यसै गरी दफा २ को (ख) मा रहेको व्यवस्थाले प्रकोपबाट घर नष्ट भएका पीडित परिवारलाई मात्र तत्काल आवश्यक व्यवस्थाको लागि रु. १०,०००।– (दश हजार) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउन सकिने हालको व्यवस्थालाई संशोधन गरी भाडामा बसी पसल/व्यवसाय गर्ने परिवारलाई समेट्न आवश्यक देखिन्छ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

क्षेत्र तथा जिल्लामा रहेको दैवी प्रकोप उद्धार कोषहरुमा राखिने न्यूनतम मौजदात रकम न्यून भई बिपदको समयमा सरकारको तर्फबाट तत्कालिन राहत सहयोग उपलब्ध गराउन रकम अभाव हुने र राहत वितरणमा विलम्ब समेत हुने गरेको । हालैको भोजपुर जिल्लाको भोजपुर बजार र तेह्रथुम जिल्लाको संक्रान्ती बजारमा भएको आगलागीबाट भाडामा बसी पसल/व्यवसाय गर्ने दर्जनौ परिवारहरु पीडित भएका छन् । घट्नाहरुको सम्माननीय प्रधानमन्त्रीज्यू र उप-प्रधान तथा गृह मन्त्रीज्यूबाट स्थलगत निरीक्षण अनुगमन भएको र सो क्रममा सरकारबाट सबै पीडितहरुलाई तत्कालिन राहत समान रुपमा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त भएको।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश :

प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४ अनुसार प्रकोप पीडितहरुका लागि सरकारले राहत वितरण गर्न जिल्ला दैवी प्रकोप उद्धार कोषमा क्रमश: हिमाली, पहाडी र तराईका जिल्लाहरुका लागि रु ४,००,०००।– (चार लाख), रु ५,००,०००।– (पाँच लाख) र रु ७,००,०००।– (सात लाख) न्यूनतम मौज्दात राख्ने व्यवस्था गर्न साथै भाडामा बसी पसल/व्यवसाय गर्ने विपदबाट पीडित परिवारहरुलाई समेत तत्कालीन राहत सहयोग रु १०,०००।– (दश हजार) सम्म उपलब्ध गराउन प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४ को (पाँचौ संशोधन) गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्न माननीय उप-प्रधान तथा गृहमन्त्रीज्यूबाट मिति २०७३।१०।०५ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची –१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको ।

४. निर्णय हुनुपर्ने व्यहोरा :

क). प्रकोप पीडित उद्धार र राहतसम्बन्धी (चौथो संशोधन) मापदण्ड, २०६४ को खण्ड (१) को (घ) मा रहेको "जिल्ला दैवी प्रकोप उद्धार कोषमा रु. ३,००,०००।– (तीन लाख)" भन्ने व्यहोराको सट्टा "हिमाली जिल्लामा रु. ४,००,०००।– (चार लाख) पहाडी जिल्लामा रु. ५,००,०००।– (पाँच लाख) र तराईका जिल्लामा रु. ७,००,०००।– (सात लाख)" भन्ने व्यहोरा राखी संशोधन गर्ने ।

ख). प्रकोप पीडित उद्धार र राहतसम्बन्धी (चौथो संशोधन) मापदण्ड, २०६४ को खण्ड (२) को (ख) मा "प्रकोपबाट घर नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमिन समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु. १०,०००।– (दश हजार) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने" को सट्टामा "विपदबाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमिन वा पसल/व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु. १०,०००।– (दश हजार) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने" ।

ग). उक्त कार्यका लागि आवश्यक रकम गृह मन्त्रालयको मागको आधारमा अर्थ मन्त्रालयले केन्द्रिय दैवी प्रकोप उद्धार कोषमा निकासा दिने ।

मिति : २०७३।१०।०५

(लोकदर्शन रेग्मी)
सचिव

श्री सचिव,
गृह मन्त्रालय ।

प्रकोप पीडित उद्धार र राहत सम्वन्धी (पाँचौ संशोधन) मापदण्ड, २०६४ स्वीकृत गर्ने विषयको गृह मन्त्रालयको नं. ९/११३-०७३/१०/६ को प्रस्ताव मं.प.बै.सं. ४९।०७३ मिति २०७३।१०।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(डा. सोमलाल सुवेदी)
मुख्यसचिव
२०७३/१०/१४